स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईले अभिनेताको स्टारडमभन्दा चलचित्रको कथा बलियो हुने बताएका छन्। चलचित्र "पेन्सन पट्टा"को निर्माण टिमले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा दयाहाङले स्टारडमभन्दा सिनेममा कथा बलियो हुने बताएका हुन्। चलचित्र चलाउन कलाकारको स्टारडमभन्दा कथा बलियो हुनुपर्नेमा उनको धारणा छ। कलाकारलाई स्टार बनाउने आधारसमेत कथा नै भएको उनको तर्क छ।

**आजको विचार...**



पाल्पामा...
(दुई पेजमा)

पदम न्यौपाने



गायिका एलिना चौहानले आफ्नो फेसन स्टोर "रमणी बाई एलिना" नयाँ ठाउँमा सारेर पुनः सञ्चालनमा ल्याउने भएकी छन्। दुई महिनामै पुरानो ठाउँबाट पसलका सबै सामान उठाएर नयाँ ठाउँमा सार्नुपरेपछि उनले सामाजिक सञ्जालमार्फत आफ्नो अनुभव र भावनाहरू साझा गरेकी छन्। पसल सार्ने क्रममा छरपस्ट भएका सामान हेर्दा आफूले त्यहाँ सामानसँगै आफ्नो सपना, मेहनत, आँसु, खुसी र आशाहरू पनि छरपस्ट भएको महसुस गरेको एलिनाले बताएकी छन्।

❐ वर्ष ३२ ❐ अंक ७९ ❐ २०८३ असोज १८ गते आइतबार 4 October 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इबोला संक्रमण घट्दो, ४ हजार बढिको मृत्यु

**रासस/सिन्हवा**

**किन्शासा,** असोज १७/लोकतान्त्रिक गणतन्त्र कंगोमा फैलिएको इबोला संक्रमण केही क्षेत्रमा क्रमश: नियन्त्रणतर्फ उन्मुख भएको स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् । पछिल्ला केही सातायता विभिन्न स्वास्थ्य क्षेत्रमा नयाँ संक्रमित फेला नपरेको जनाइएको छ । यद्यपि, संक्रमणका कारण ज्यान गुमाउनेको संख्या ४ हजार नाघेको छ । कंगोका स्वास्थ्यमन्त्री रोजर काम्बाले शुक्रबार राजधानी किन्शासामा आयोजित पत्रकार सम्मेलनमा इबोला संक्रमण अहिले प्रान्तभर फैलिएको अवस्थाबाट केही सीमित स्वास्थ्य क्षेत्रमा केन्द्रित हुँदै गएको जानकारी दिए । शुक्रबार सार्वजनिक गरिएको विवरणअनुसार सातवटा प्रान्तमा फैलिएको संक्रमणका क्रममा हालसम्म ८ हजार ३ सय संक्रमितको पुष्टि भएको छ भने ४ हजार १८ जनाले ज्यान गुमाएका छन् । यसअनुसार संक्रमितमध्ये मृत्यु हुनेको दर ४८ दशमलव ४ प्रतिशत रहेको छ । हालसम्म दुई हजार १ सय ६२ जना बिरामी उपचारपछि स्वस्थ भएका छन् । प्रकोप सुरु भएयता सातवटा प्रान्तका ६३ स्वास्थ्य क्षेत्रमा संक्रमण देखिएको थियो। तीमध्ये १२ स्वास्थ्य क्षेत्रमा पछिल्ला ४२ दिनदेखि नयाँ संक्रमित फेला परेका छैनन् ।

# खसीबोका पालनमा गुल्मीका किसानको आकर्षण

## वार्षिक एक अर्बसम्म कारोबार

**राष्ट्रिय समाचार समिति (रासस)**

**गुल्मी,** असोज १७/ खसीबोका पालन व्यवसाय आम्दानीको राम्रो स्रोत भएपछि यसलाई गुल्मीका कतिपय किसानले आफ्नो जीविकोपार्जनको मुख्य आधारका रूपमा अघि बढाएको पाइएको छ । कृषि कर्मका अन्य विधाको तुलनामा खसीबोकाबाट छोटो समयमै राम्रो आम्दानी लिन सकिने भएपछि यसतर्फ किसानको आकर्षण बढेको हो ।

खसीबोका बिक्रीबाट जिल्लामा वार्षिक करिब एक अर्ब बराबरसम्मको कारोबार हुने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीका प्रमुख हुमाकान्त पाण्डेयले जानकारी दिए । गुल्मीमा उत्पादित खसीबोका स्थानीय बजारमा मात्र नभई बाहिरी जिल्लामा समेत निर्यात हुँदै आएको उनको भनाइ छ । जिल्लाका प्रत्येक पालिकाबाट वार्षिक करिब ४६ हजार खसीबोका उत्पादन हुने गरेको तथा हाल करिब दुई लाखको संख्यामा बाख्रा रहेको पशु सेवा केन्द्र गुल्मीले जनाएको छ । प्रमुख पाण्डेयका




अनुसार जिल्लाबाट वार्षिक १४ हजार ६०० खसीबोका बाहिरी जिल्लामा निर्यात हुने गरेका छन् । उनका अनुसार जिल्ला बाहिर निर्यात हुने खसीबोकाबाट वार्षिक करिब रु २६ करोड २८ लाख जिल्ला भित्रिने गरेको छ । जिल्लामा उत्पादित खसी बोका उचित मूल्यमा सहज रूपमा घरबाटै बिक्री हुने भएकाले पनि किसानलाई यो व्यवसायप्रतिको आकर्षण बढेको हो । जिल्लाका सबै पालिकामा पालिने भए पनि खासगरी धुर्कोट पालिका मासुमा आत्मनिर्भर छ । यहाँ खसी बोका जिउँदो प्रतिकिलो ५५० का दरले बिक्री वितरण हुँदै आएको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेल बताए । स्थानीय चन्द्रबहादुर खड्काको खोरबाट यस वर्ष पनि ७० किलो तौलसम्मका खसीबोका बिक्री भएका छन् । धुर्कोट क्षेत्रका खसीबोका बुटवललगायतका सहरमा पठाइने गरेको अध्यक्ष पोखरेलले जानकारी दिए । गुल्मीको स्थानीय बजारमा खसी र बोकाको मासु प्रतिकिलो रु ९५० का दरले बिक्री हुँदै आएको छ । त्यस्तै जिल्लाका विभिन्न पालिकामा व्यावसायिक रूपमा बाख्रापालन हुँदै आएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# दाउन्ने बस दुर्घटनामा ६ जनाको मृत्यु



**नवलपुर,** असोज १७/ पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपरासीको दाउन्नेमा भएको यात्रुवाहक बस दुर्घटना ६ जनाको मृत्यु भएको छ । नेपालगन्जबाट काठमाडौंतर्फ आउँदै गरेको प्रदेश-३-०१-००६ ख १५५३ नम्बरको बस शनिबार बिहान अनियन्त्रित भई दुर्घटना हुँदा बसमा सवार ६ जनाको मृत्यु भएको हो ।

मृत्युहुनेहरुमा बाँकेका बस चालक ३६ वर्षीय सुरेश बि.सी., जाजरकोटका ५० वर्षीय निर्जुङ खत्री, बाँके कोहलपुरका ३२ वर्षीय दीपेन्द्र के.सी., ५५ वर्षीय एकेन्द्रराज रेग्मी, बाजुराका ६५ वर्षीय नरेन्द्रराज गिरी र नेपालगञ्जका २२ वर्षीय कृष कनौजिया रहेका छन् । उनीहरुसबैको सनाखत भइसकेको प्रहरीले जनाएको छ । भएको थियो । जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अनिल पण्डितका अनुसार कोहलपुरबाट काठमाडौंका लागि छुटेको बस पूर्वी नवलपरासीको बिनयी त्रिवेणी गाउँपालिका-२ स्थित एस मोड नजिकै पूर्व-पश्चिम राजमार्गमा ब्रेक फेल भएर दुर्घटनामा परेको हो । उक्त बसमा चालक सहित १८ जना सवार रहेकोमा ६ जनाको मृत्यु भएको र १० जना घाइते भएका छन् भने २ जना सकुशल रहेका छन् । दुर्घटनामा घाइते भएका १० जनाको स्थानीय अस्पतालहरूमा उपचार भइरहेको छ । घाइतेमध्ये बाँकेका अस्लाम भगवानको अवस्था गम्भीर रहेकाले थप उपचारका लागि चितवनस्थित नयाँ मेडिकल कलेज पठाइएको छ ।

# आजदेखि काँग्रेसको महाधिवेशन, ७ हजार ५ सय बढी प्रतिनिधि काठमाडौंमा

**काठमाडौं**, असोज १७/ नेपाली काँग्रेसको १५ औँ महाधिवेशन आजदेखि काठमाडौंको टुँडिखेलस्थित खुलामञ्चमा हुँदै छ । महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको काँग्रेसका प्रवक्ता तथा १५ औँ महाधिवेशन सूचना, सञ्चार तथा प्रविधि समितिका संयोजक देवराज चालिसेले शनिबार पत्रकार सम्मेलनमार्फत जानकारी गराए ।

कांग्रेसले १५औँ महाधिवेशनको मूल मन्त्र 'नयाँ कांग्रेस, नयाँ संकल्प' तय गरेको छ । चालिसेका अनुसार महाधिवेशनका छलफल सत्रमा नयाँ संकल्पका विषयमा गहन छलफल गरी त्यसको कार्यान्वयनको खाका तयार गरिनेछ । महाधिवेशनमा ७ हजार ५ सय बढी प्रतिनिधि सहभागी हुने छन् । प्रवक्ता चालिसेले देशभरका ७७ जिल्ला र प्रवासबाट समेत गरेर ७ हजार ५ सय बढी प्रतिनिधि महाधिवेशनमा सहभागी भइरहेको




जानकारी दिएका हुन् । यो संख्या कांग्रेस महाधिवेशनको इतिहासमा अहिलेसम्मकै बढी उनको भनाइ छ । 'यो संख्या नेपाली कांग्रेसको इतिहासमा सबैभन्दा धेरै हो । यति संख्याको सहभागीता अहिलेसम्म भएको छैन,' प्रवक्ता चालिसेले भने । यस्तै, प्रवक्ता चालिसिले महाधिवेशनका लागि खाना, खाजा र पार्किङ लगायत व्यवस्थापनको काम समेत लगभग सम्पन्न भएको जानकारी दिएका छन् । भोटकोशी कारण देश शोकमा रहेको उल्लेख गर्दै उनले कुनै तामझाम बिना सामान्य ढंगले पार्टीको महाधिवेशन सम्पन्न गरिने उल्लेख गरे । प्रवक्ता चालिसेले महाधिवेशनलाई केवल नेता चयनमा मात्र सीमित नराखी 'नीति चयन' को अधिवेशनका रूपमा अघि बढाउने प्रयत्न गरिएको जानकारी दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पशु दिवसको सन्दर्भ

आज अक्टोबर ४ तारिक विश्व पशु पक्षि दिवस हो । यो दिवस सन् १९३१ देखि मनाइदै आए पनि नेपालमा सन् २००८ बाट मनाउन थालिएको पाइन्छ । विभिन्न संघ सस्थाको आयोजनामा विविध कार्यक्रमहरुको साथ यो दिवस मनाउने गरेको पाइन्छ । विविध पशु पक्षि भएको तथा पशु पक्षिको पूजा गर्ने हाम्रो परम्परामा यस दिवसको छुट्टै महत्व रहेको छ । दिवस केवल पशुप्रति माया र दया देखाउने अवसर मात्र होइन, मानिस र पशुबीचको सम्बन्ध, पशु कल्याण तथा जिम्मेवार व्यवहारबारे सोच्ने महत्वपूर्ण दिन हो । पृथ्वीमा मानिससँगै अन्य जीवजन्तुको पनि बाँच्ने अधिकार छ भन्ने बोध गराउनु यस दिवसको मूल सन्देश हो ।

मानव सभ्यताको विकाससँगै पशुहरू मानिसको जीवनका अभिन्न सहयात्री बन्दै आएका छन् । कृषि, यातायात, खाद्य उत्पादनदेखि भावनात्मक साथसम्म पशुहरूको योगदान महत्वपूर्ण छ । तर विडम्बना के छ भने मानिसकै गतिविधिका कारण धेरै पशुहरू हिंसा, उपेक्षा, अवैध व्यापार, बासस्थान विनाश र विभिन्न किसिमका शोषणको सिकार भइरहेका छन् । नेपालमा पनि पशु कल्याणका सवालहरू कम छैनन् । सडकमा छाडिएका कुकुर, बिरालो तथा अन्य जनावरको अवस्था, पशुमाथि हुने क्रूर व्यवहार, अस्वस्थ अवस्थामा गरिने पशुपालन तथा वन्यजन्तुको बासस्थानमाथिको बढ्दो दबाबले हाम्रो संवेदनशीलतामाथि प्रश्न उठाउँछ । पशु संरक्षणलाई केवल केही व्यक्ति वा संस्थाको जिम्मेवारी ठान्ने प्रवृत्तिले समस्या अझ जटिल बनाएको छ । पशु कल्याणको विषय भावनासँग मात्र जोडिएको विषय होइन, यो सार्वजनिक स्वास्थ्य, वातावरण र जिम्मेवार समाज निर्माणसँग पनि सम्बन्धित छ । पशुप्रति गरिने व्यवहारले हाम्रो मानवीय चेतना र सभ्यताको स्तरसमेत प्रतिबिम्बित गर्छ । त्यसैले पशुलाई अनावश्यक पीडा नदिने, जिम्मेवार रूपमा पाल्ने, बिरामी वा घाइते पशुको उपचारमा सहयोग गर्ने र वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्ने संस्कार विकास गर्न आवश्यक छ । सरकारले पशु कल्याणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनसँगै स्थानीय तहमा उद्धार, उपचार, नसबन्दी तथा आश्रय व्यवस्थापनका कार्यक्रमलाई व्यवस्थित बनाउनुपर्छ । विद्यालय तहदेखि नै बालबालिकालाई पशु तथा वातावरणप्रति करुणा र जिम्मेवारीको शिक्षा दिनुपर्छ । यसो भने मात्र हरेक वर्ष मनाइँने दिवसको सान्दर्भिकता बढ्दै जान्छ ।

### Opinion @ Social Network

मेरो व्यक्तित्व अनि व्यवहार ले कसैको मुस्कान फिरोस,
बेदना अनि मजबुरी को फाइदा उठाउने संस्कार हैन मेरो...।
*(नुर अर्गालीको फेसबुक स्टाटसबाट www.facebook.com/Nur.Argali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पामा 'सम्पदा साहित्य'



## पदम न्यौपाने

पाल्पामा सबै भन्दा बढी सम्पदा रहेको क्षेत्र तानसेन नगरपालिका हो । यहाँ रहेका सम्पदा प्राचिनकाल देखी आधुनिक काल सम्मको इतिहास र संस्कृतिलाई प्रतिनिधित्व गर्दछन् । साथै तानसेनलाई जीवन्त सांस्कृतिक सम्पदाको शहर पनि भनिन्छ । विशेषगरी मध्यकालिन सहरी संरचना र सम्पदाहरुको प्रचुरताले गर्दा तानसेनलाई मध्ययूगिन शहरको रुपमा विश्वसम्पदा सूचिमा दर्ता गर्न सकिने सम्भावनालाई मध्यनजर राख्दै पुरातत्व विभागले तानसेन नगर पालिकाको ध्यानाकर्षण पनि गराएको छ । तानसेन नगर पालिकाको तानसेन पर्यटन वोर्डद्धारा तयार पारिएको तानसेन पर्यटन नीति समेतले जीवन्त सांस्कृतिक सम्पदाको शहरको रुपमा परिचयमा ल्याउने लक्ष्य समेत राखेको छ । तर निकै लामो समय सम्म तानसेन नगरपालिकाले यस महत्वपूर्ण पक्षमा ध्यान पुऱ्याउन नसकेका कारण कतिपय सम्पदाहरु र बजार संरचनामा समेत छेडखानी भएको देखिन्छ । गत वर्ष देखि तानसेनका सम्पदा संरक्षण गरी भावी पुस्ताका लागि हस्तान्तरण गर्ने उद्धेश्य सहित नागरिक स्तरमा सामाजिक संस्थाको रुपमा तानसेन सम्पदा संरक्षण समाजको गठन भई काम गर्न थालेको छ । सम्पदा संरक्षणमा समाजको ध्यानाकर्षण गराउँदै संरक्षण र सम्वर्द्धनमा नागरिक सहभागिता बढाउने पहल गरिरहेको छ । यसका विभिन्न रणनीतिक कार्य मध्ये पहिलो पटक सम्पदा साहित्यलाई अगाडि बढाउन हालैको बैठकद्धारा सम्पदा साहित्य उपसमिति गठन गरेको छ ।

**सम्पदा साहित्य के हो ?**

सम्पदा संरक्षणलाई सामान्यत: पुराना दरबार, मन्दिर, मूर्ति, स्मारक, पुरातात्विक स्थल तथा परम्पराको संरक्षणका रूपमा बुझिन्छ । तर सम्पदा केवल भौतिक संरचना मात्र होइनह त्यससँग जोडिएको इतिहास, स्मृति, कथा, भाषा, लोकज्ञान, कला, सीप, संस्कार र सामुदायिक जीवन पनि सम्पदाकै अभिन्न हिस्सा हुन् । यी सम्पदाको अर्थ, इतिहास र सामूहिक स्मृतिलाई साहित्यिक सिर्जनामार्फत अभिव्यक्त गर्ने अवधारणालाई यस उपसमितिले अंगिकार गर्ने छ । नेपालमा 'सम्पदा साहित्य' भन्ने नाममा छुट्टै स्थापित साहित्यिक विधा निर्माण भइसकेको अवस्था देखिँदैन छैन । तर नेपालका ऐतिहासिक सहर, धार्मिक स्थल, लोकपरम्परा, जात्रा, वास्तुकला र मौखिक इतिहाससँग सम्बन्धित साहित्यि सिर्जनाहरू यस अवधारणाका आधार बन्न सक्छन् । सम्पदा कुनै समाजको अतितको अवशेष मात्र होइनह त्यो समाजको सामूहिक स्मृति र पहिचानको आधार हो । एउटा पुरानो भवनले वास्तुकलाको इतिहास बताउँछ, एउटा मन्दिरले धार्मिक तथा सांस्कृतिक निरन्तरता देखाउँछ, पुरानो बजारले व्यापारिक सम्बन्ध र सामाजिक जीवनको कथा सुनाउँछ, र लोकगीतले पुस्तौंदेखि हस्तान्तरण भएको सामूहिक अनुभव बोकेको हुन्छ । तर समयसँगै सम्पदाको भौतिक संरचना बाँचे पनि त्यससँग सम्बन्धित कथा हराउने खतरा हुन्छ । त्यसैले सम्पदा संरक्षणमा 'संरचना बचाउने' र 'कथा बचाउने' दुवै काम आवश्यक छन् भन्ने महशुस गरी यो समिति गठन गरिएको हो । साहित्यले इतिहासलाई तथ्यबाट अनुभूतिमा, स्थानलाई कथामा र संरचनालाई स्मृतिमा रूपान्तरण गर्न सक्छ । सम्पदा साहित्यले मूर्त सम्पदाको रुपमा रहेका दरबार, मन्दिर, किल्ला, पुराना घर, सडक, चोक, पोखरी, धारा, पाटी-पौवा, मूर्ति, शिलालेख आदिलाई साहित्यिक पक्षबाट चर्चामा ल्याउने छ । यसैगरी अमूर्त सम्पदाका रुपमा रहेका लोकगीत, लोककथा, भाषा, जात्रा, नृत्य, संस्कार, परम्परागत ज्ञान, सीप, खानपान, सामाजिक व्यवहार र सामुदायिक स्मृतिलाई 'सम्पदाको वर्णन' भन्दा 'सम्पदाको अर्थ' मा जनमासमा पुऱ्याउने छ । साहित्यले सम्पदालाई के दिन सक्छ ? भन्ने जिज्ञासा उठ्न सक्छ । सम्पदा संरक्षणको एउटा समस्या के हो भने कतिपय सम्पदा मानिसको दैनिक जीवनबाट टाढिँदै जान्छन् । संरक्षण गरिएको भवन हुन्छ, तर त्यसको कथा थाहा हुँदैन । संग्रहालय हुन्छ, तर त्यसमा मानिसको भावनात्मक सम्बन्ध कमजोर हुन्छ । यसर्थ साहित्यले यही दूरी कम गर्न पहल गर्नेछ । एउटा पुरानो घरलाई वास्तुकलाको नमुनाका रूपमा मात्र हेर्नुको सट्टा साहित्यले सोध्न सक्छ,यो घरमा को बस्थ्यो ? कसको जन्म भयो कुन र कति पुस्ताले यहाँ जीवन बितायो ? कुन सामाजिक घटना यहाँबाट गुज्रियो ? समयसँगै यसको भूमिका कसरी बदलियो ? यी प्रश्नले एउटा संरचनालाई जीवन्त सांस्कृतिक पात्र बनाउँछन् । यस अर्थमा साहित्यले सम्पदाको प्रचार मात्र होइन, सम्पदाको पुन:व्याख्या पनि हो ।

**तानसेन सम्पदा साहित्यको उत्कृष्ठ प्रयोगशाला बनाउने लक्ष्य**

यूनेश्कोको विश्व सम्पदा शहरको सम्भावित सूचिमा तानसेनलाई The Medieval Town of Tansen शीर्षकमा राखिएको छ । सांस्कृतिक वर्गमा यूनेश्कोको विवरणले तानसेनलाई पश्चिम नेपालको परम्परागत ऐतिहासिक सहरका रूपमा प्रस्तुत गर्दै यसको जीवित वास्तुकला, नेवारी वास्तुक्ला, मन्दिर, विहार तथा सेन कालसँग सम्बन्धित सम्पदाहरूको उल्लेख गर्छ । यसैगरी नेपाल पर्यटन बोर्डले पनि तानसेनको पुरानो बजारका ढुंगे सडक, परम्परागत नेवारी घर, श्रीनगर र रानीमहललाई प्रमुख आकर्षणका रूपमा प्रस्तुत गरेको छ । सम्पदा साहित्य उपसमिति गठनको लक्ष्य पुरानो बजारको गल्ली, घरहरूको साहित्यिक अभिलेख समेट्ने, ढाका र करुवाको कथा बुन्ने,जात्रा र लोकसंस्कृतिको व्याख्या, तानसेनका तानसेनले सम्झनु पर्ने व्यक्तित्वहरुको प्रेरणा, रानीमहलको भित्रि कथा, रिडिको प्राचिन कथा, मुकुन्देश्वर महादेव र बंशगोपालको महिमा, नारायण र पाल्पा दरवारको आकर्षण, टक्सारको योगदान लगायत दर्जनौ सम्पदालाई साहित्यमा प्रवेश गराउने रहेको छ । यस साहित्यले केवल 'हेर्ने'बाट 'बुझ्ने'तर्फ लैजान सक्छ । यस साहित्यले पुराना दस्तावेज, शिलालेख, पुस्तक, परिवारका अभिलेख र मौखिक इतिहास संकलन, अभिलेखीकरण,फोटो, भिडियो, अडियो, नक्सा र डिजिटल अभिलेख निर्माण,साहित्यिक सिर्जनामा ढाल्ने छ । यसले कविता, कथा, निबन्ध, संस्मरण, यात्रा साहित्य र नाटक लेखनमा मद्धत गर्नेछ । सम्पदा साहित्यले पर्यटनसँग पनि जोड्ने छ । इस साहित्यले सम्पदा संरक्षणमा केवल "के जोगाउने?" भन्ने मात्र नभइ "हामीले जोगाएको सम्पदाको कथा कसरी पुस्तौंसम्म सुनाउने?" भन्नेमा जोड दिनेछ । सम्पदा साहित्यका लागि बन्न सक्ने प्रमुख विषयहरुमा ऐतिहासिक सम्पदा(दरबार, किल्ला, पुराना बस्ती, स्मारक), धार्मिक सम्पदा,अमूर्त सांस्कृतिक सम्पदा (जात्रा, लाखे, लोकगीत, नृत्य, संस्कार), जीवित/शहरी सम्पदाका रुपमा रहेका(पुराना बजार, गल्ली, चौक, परम्परागत घर र बस्ती),प्राकृतिक सम्पदा, मानवीय सम्पदा(स्थानीय ज्ञान, सीप, भाषा, परम्परा र व्यक्तित्य) र सम्पदासँग जोडिएका कथा, स्मृति र इतिहास हुन सक्छन् ।

**सम्पदा साहित्यको अर्थ**

सम्पदा साहित्य कुनै एउटा निश्चित साहित्यि विधा मात्र होइन । यो साहित्यको विषय र दृष्टिकोणसँग सम्बन्धित अवधारणा पनि हो । कविता, कथा, निबन्ध, उपन्यास, यात्रा-संस्मरण, गजल, नाटक, जीवनी वा मौखिक आख्यान,जुनसुकै माधचमबाट सम्पदाको इतिहास, संस्कृति, स्मृति र जीवनलाई अभिव्यक्त गर्न सकिन्छ । यो संरक्षण गर्ने सिर्जनात्मक माध्यम हो । इतिहासलाई मानवीय बनाउने साहित्य हो । इतिहास प्राय: मिति, घटना, राजा, युद्ध, शासन र राजनीतिक परिवर्तनको रूपमा लेखिन्छ । तर साहित्यले इतिहासलाई मानिसको अनुभूतिसँग जोड्छ । त्यसैले त भानात्मक बन्ने गर्दछ । यसरी साहित्यले इतिहासलाई तथ्यबाट अनुभूतिमा रूपान्तरण गर्न सहयोग गर्छ ।

**सम्पदा साहित्य र स्थानीय पहिचान**

आज विश्वभर स्थानीय पहिचानको महत्व बढ्दै गएको छ । मानिसहरू आफ्नो सहर, गाउँ, भाषा, संस्कृति र इतिहाससँग जोडिन चाहन्छन् । यस सन्दर्भमा सम्पदा साहित्यले स्थानीय पहिचान निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । कुनै सहरको परिचय केवल सडक, भवन र जनसंख्याबाट मात्र बन्ने होइन । त्यस सहरको कथा पनि हुन्छ । शहरको कथा इतिहास, संस्कृति, संघर्ष, सिर्जना र मानिसहरूको सामूहिक स्मृतिबाट बनेको हुन्छ । त्यसैले प्रत्येक ऐतिहासिक सहरको आफ्नै 'साहित्यिक भूगोल' हुन सक्छ । चौक, गल्ली, मन्दिर, पोखरी, धारा, बजार, पाटी, पौवा, दरबार र डाँडाहरू साहित्यका पात्र बन्न सक्छन् । यसरी एउटा ठाउँको भौगोलिक नक्सासँगै भावनात्मक र सांस्कृतिक नक्सा पनि निर्माण हुन्छ । जुन त्यो शहरको अमूल्य सम्पती हो । यिनै सम्पतिहरुवाट कथा जन्मिन सक्छ । कविता जन्मिन सक्छ । संस्मरण जन्मिन सक्छ । उपन्यासको पृष्ठभूमि बन्न सक्छ । त्यसैले तानसेनको सम्पदा संरक्षणको एउटा महत्वपूर्ण आधार भौतिक संरक्षणसँगै साहित्यिक अभिलेखीकरण पनि हुन सक्छ । मौखिक इतिहासको संरक्षण पनि हुन सक्छ । सम्पदाको ठूलो हिस्सा लिखित दस्तावेजमा हुँदैन । हजुरबा,हजुरआमाले सुनाएका कथा, स्थानीय क्लाकारको सीप, पुराना बजारका व्यापारीका अनुभव, जात्रा र संस्कारसँग जोडिएका विश्वास तथा गाउँ-सहरका मौखिक इतिहास पनि महत्वपूर्ण सम्पदा हुन् । यस्ता कुरा समयमै अभिलेख गरिएनन् भने मानिससँगै हराउन सक्छन् । साहित्यले यस्ता मौखिक इतिहासलाई कथा, कविता, संस्मरण, अन्तर्वार्ता, लोककथा वा निबन्धका रूपमा सुरक्षित गर्न सक्छ । यस अर्थमा सम्पदा साहित्य 'बिर्सिँदै गएको आवाजलाई लेखेर बचाउने प्रयास' पनि हो ।

**सम्पदा साहित्यको पर्यटनसँग सम्बन्ध**

सम्पदा साहित्यको अर्को महत्वपूर्ण सम्भावना पर्यटनसँग जोडिन्छ । पर्यटकले कुनै स्थान हेर्न सक्छह तर त्यस स्थानको कथा थाहा पाएपछि उसले त्यसलाई फरक ढंगले अनुभव गर्छ । एउटा पुरानो दरबार देख्नु एउटा अनुभव हो । तर त्यो दरबार कसले किन बनायो, त्यससँग कुन ऐतिहासिक घटना जोडिएको छ, त्यहाँका मानिसको जीवन कस्तो थियो भन्ने कथा पढेर त्यहाँ पुग्नु अर्को अनुभव हो । त्यसैले कथा, कविता मार्फत पर्यटन अनुभव निर्माण गर्ने अवधारणामा सम्पदा साहित्य उपयोगी हुन सक्छ । स्थानीय कविता, कथा, पुस्तक, सम्पदा-पथका कथा, अडियो गाइड, डिजिटल अभिलेख र साहितिचक यात्राले पर्यटनलाई अझ अर्थपूर्ण बनाउन सक्छन् ।

**निष्कर्ष :**

सम्पदा साहित्य मूलत: सम्पदा, स्मृति, मानिस र भविष्यबीचको सेतु हो । यसले पुरानो भवनलाई कथा दिन्छ, इतिहासलाई मानवीय बनाउँछ, स्थानीय पहिचानलाई शब्द दिन्छ र नयाँ पुस्तालाई आफ्नो ठाउँसँग परिचित गराउँछ । आज धेरै सम्पदा भौतिक रूपमा बाँचेका छन्, तर तिनका कथा हराउँदै छन् । कतिपय ठाउँमा भवन बाँकी छन्, इतिहास छैनह परम्परा बाँकी छ, त्यसको अर्थ हराउँदैछ बजार बाँकी छ, तर त्यसको पुरानो जीवनको स्मृति हराउँदैछ । हामीले सम्पदा जोगाउने हो भने ढुंगा, इँटा र काठ मात्र होइन, त्यससससँग जोडिएका कथा पनि जोगाउनुपर्छ । इतिहासको दस्तावेजसँगै मानिसको स्मृति जोगाउनुपर्छ । पुरानो सहरको संरचनासँगै त्यसको आत्मा जोगाउनुपर्छ । त्यसैले सम्पदा साहित्यलाई केवल साहित्यको एउटा नयाँ नामका रूपमा होइन, समाजको स्मृति, स्थानीय पहिचान र सांस्कृतिक निरन्तरता जोगाउने सिर्जनात्मक अभियानका रूपमा लिनु पर्दछ । सम्पदा बाँच्न भवन मात्र पर्याप्त हुँदैनह त्यसको कथा पनि बाँच्नुपर्छ र कथा बचाउने सबैभन्दा शक्तिशाली माध्यम मध्ये एउटा साहित्य हो । आऔं अब हरेक साहित्यिक कार्यक्रममा सम्पदाको चर्चा गर्न थालौं, सम्पदाको चर्चामात्र गर्ने सम्पदा साहित्य सम्मेलन गरौं । सम्पदा हाम्रा साझा सम्पती हुन्, भविष्यको लागि पूँजि हुन् । अस्तु

***(लेखक तानसेन सम्पदा संरक्षण समाजका अध्यक्ष समेत हुन् । )***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। काममा व्यस्तता बढ्नेछ। | **तुला**: व्यवसायले राम्रो गति लिनेछ। सम्झौतामा हस्ताक्षर गर्ने समय शुभ छ। |
| **वृष** : लगानीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ। मांगलिक कार्यको चर्चा चल्नेछ। | **वृश्चिक** : योजनाहरू गोप्य राख्नु नै बेस हुनेछ। नसोचेको रकम प्राप्त हुनसक्छ। |
| **मिथुन** : काम उपलब्धिमूलक रहनेछ। मानसिक थकान महसुस हुन सक्छ। | **धनु** : तीर्थयात्राको योग छ। थोरै मिहिनेतबाट पनि ठूलो उपलब्धि हात पर्नेछ। |
| **कर्कट** : घरायसी काममै समय बित्नेछ। घरको मर्मतसम्भारमा खर्च हुनसक्छ। | **मकर** : रोकिएका कामहरूले पूर्णता पाउनेछन्। प्रतिष्ठित अवसर प्राप्त हुनसक्छ। |
| **सिंह** : महत्त्वपूर्ण जिम्मेवारी पाउन सक्नुहुन्छ। आत्मविश्वास उच्च रहनेछ। | **कुम्भ**: अप्रत्याशित लाभ मिल्न सक्छ। नयाँ प्रोजेक्टमा सफलता हात पार्नेछन्। |
| **कन्या** :अनुसन्धानमा गहिरो रुचि जाग्नेछ। सानो त्रुटिले ठूलो तनाव दिन सक्छ। | **मीन** : समय प्रेरणादायी छ। मौनतालाई बुझ्ने गहिरो आत्मीयता विकास हुनेछ। |

# कृषि

## 'मल अनुदानको भार थेग्न गाह्रो, आगामी सिजनका लागि ५९ अर्ब बजेट आवश्यक'



कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी सिजनमा रासायनिक मलको अभाव हुन नदिने प्रतिबद्धता जनाए पनि बजेट व्यवस्थापनमा ठुलो चुनौती सामना गरिरहेको बताएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले हालको अनुदानको भार राज्यका लागि थेग्न कठिन भएको भन्दै यसको व्यवस्थापनका लागि नयाँ पद्धतिको खोजी भइरहेको बताएका हुन् । बिहीबार सैंघीय संसद्‌को कृषि तथा प्राकृतिक स्रोत समितिको बैठकमा बोल्दै सचिव मिश्रले मलको सहज आपूर्तिका लागि फागुनपछिको कार्ययोजना अघि बढाइएको जानकारी दिए । आगामी वैशाखदेखि असार र साउनसम्मको मुख्य सिजनमा मलको माग अत्यधिक हुने भएकाले सोही अनुसार तयारी भइरहेको उनको भनाइ छ । मन्त्रालयका अनुसार हालको बजार मूल्य अनुसार प्रतिकेजी १२० रुपैयाँसम्म अनुदान दिनुपर्ने अवस्था छ, जसले गर्दा कुल ५९ अर्ब रुपैयाँ हाराहारीको बजेट आवश्यक परेको छ । अर्थ मन्त्रालयसँग समन्वय भइरहे पनि यति ठुलो रकम जुटाउन सरकारलाई सङ्कट परेको छ । संसदीय समितिमा बोल्दै सचिव मिश्रले भने, 'वैशाखदेखि असार र साउनमा किसानलाई मलको बढी आवश्यकता पर्ने भएकाले फागुनपछि अभाव नहुने गरी समयमै खरिद र आपूर्ति सुनिश्चित गर्ने तयारी गरिएको छ । तर मलको बढ्दो मूल्यका कारण अनुदानको व्ययभार ठुलो बनेकाले आगामी आवश्यकताका लागि करिब ५९ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । यस विषयमा अर्थ मन्त्रालयसँग छलफल हुनुका साथै निजी क्षेत्रको सहभागिता बढाउने र नयाँ आपूर्ति तथा वितरण पद्धति विकास गर्ने विषयमा पनि गृहकार्य भइरहेको छ ।' यसैगरी, सरकारी अनुदानको मल वास्तविक किसानसम्म नपुग्ने गरेको गुनासोप्रति सचिव मिश्रले गम्भीर चासो व्यक्त गरेका छन् । सरकारले किसानलाई राहत दिन ठुलो रकम खर्च गरे पनि वितरण प्रणालीमा रहेको त्रुटिका कारण वास्तविक किसानले मल नपाएको गुनासो आइरहेको उनले बताए । बजेट अभाव हुँदाहुँदै पनि सरकारले किसानको हितका लागि अधिकतम प्रयास गरिरहेको दाबी गर्दै उनले वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउनु अत्यावश्यक रहेको औँल्याए ।*-हाम्रा कुरा डटकम*

## पशुको नश्ल सुधारका लागि तनहुँमा कृत्रिम गर्भाधान सेवा विस्तार



जिल्लामा पशुको नश्ल सुधार तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको कृत्रिम गर्भाधान सेवा प्रभावकारी बन्दै गएको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहअन्तर्गतका कृत्रिम गर्भाधान केन्द्रमार्फत आर्थिक वर्ष २०८२-८३ मा १० हजार ७८३ पशुमा कृत्रिम गर्भाधान भएको छ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले बताए । तनहुँमा १० वटा कृत्रिम गर्भाधान केन्द्र सञ्चालनमा छन् । ती केन्द्रमा ३० जना कृत्रिम गर्भाधानकर्ता परिचालित छन् । केन्द्रमार्फत एक हजार ९१० पशुमा कृत्रिम गर्भाधान गरिएको छ । जसमा एक हजार ३४५ गाई, ५६४ भैंसी र एक बङ्गुर छन् । त्यसैगरी स्थानीय तहअन्तर्गत सञ्चालित सेवामार्फत आठ हजार ८७३ पशुमा कृत्रिम गर्भाधान गरिएको केन्द्रले जनाएको छ । स्थानीय तहअन्तर्गत चार हजार ४३८ गाई, चार हजार ३८८ भैंसी, २० बाख्रा र २७ बङ्गुरमा कृत्रिम गर्भाधान गरिएको हो । प्राविधिक ठकुरीका अनुसार कृत्रिम गर्भाधानपछि गाईमा ६५ प्रतिशत, भैँसीमा ५० प्रतिशत, बाख्रामा ३० प्रतिशत र बङ्गुरमा ७६ प्रतिशत गर्भाधान दर रहेको छ । "पशुपालन व्यवसायमा उन्नत नश्लका पशुको सङ्ख्या बढाउन, दूध तथा मासु उत्पादन वृद्धि गर्न र पशुपालक किसानको आयआर्जन बढाउन कृत्रिम गर्भाधान सेवालाई महत्वपूर्ण मानिन्छ," उनले भने । प्राकृतिक गर्भाधानको तुलनामा उन्नत नश्लका साँढे तथा राँगाको वीर्य प्रयोग गरी पशुको नश्ल सुधार गर्न सकिने भएकाले किसानमा यो सेवाप्रति आकर्षण बढेको उनले बताए । तनहुँमा कृत्रिम गर्भाधान सेवा लिने पशुको सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा बढेको छ । केन्द्रका अनुसार आर्थिक वर्ष २०८१-८२ मा नौ हजार ५५२ पशुमा कृत्रिम गर्भाधान गरिएको थियो । एक वर्षमा कृत्रिम गर्भाधान गरिएका पशुको सङ्ख्या एक हजार २३१ ले वृद्धि भएको छ । जिल्लामा व्यावसायिक रूपमा पशुपालन गर्ने किसानको सङ्ख्या बढ्दै जानु, उन्नत नश्लका पशुप्रति किसानको आकर्षण बढ्नु तथा स्थानीय तहसम्म कृत्रिम गर्भाधान सेवा विस्तार हुनुका कारण सेवाग्राही पशुको सङ्ख्या बढेको प्राविधिक ठकुरीले बताए । कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशु उत्पादनसँगै दूध तथा मासु उत्पादन बढाउन सहयोग पुग्ने भएकाले पशुपालनलाई व्यावसायिक र उत्पादनमुखी बनाउन यो सेवा प्रभावकारी भएको प्राविधिक ठकुरीले बताए ।*-रासस*

## सुनौलो फाँटमा जुम्ली मार्सीको सुगन्ध



मार्सी धान पाक्ने समय नजिकिएसँगै जुम्लाका तिला र हिमा नदीकिनारका फाँटहरू यतिबेला गाढा सुनौलो र खैरो रङमा सजिएका छन् । प्रकृतिको यो सुन्दर दृश्यले जति मन लोभ्याउँछ, त्योभन्दा बढी जुम्ली किसानको मुहारमा खुसी ल्याउँछ । पुस्तौँदेखि खेती हुँदै आएको रैथाने मार्सी धान जुम्लाको खाद्य सुरक्षा, किसानको जीविकोपार्जन र विशिष्ट सांस्कृतिक पहिचानसँग गहिरोसँग जोडिएको छ । जुम्लाका आठवटै स्थानीय तहमा मार्सी धानको खेती हुन्छ । विशेषगरी पातारासीको छुमचौर, तातोपानीको लाछु ज्युलो, चन्दननाथको शेरा ज्युलो तथा सिञ्जा, हिमा र तिला नदी आसपासका फाँटहरू यसका मुख्य पकेट क्षेत्र हुन् । समुद्री सतहबाट करिब तीन हजार ५० मिटर उचाइमा रहेको छुमचौर त विश्वकै सबैभन्दा उच्च स्थानमा धानखेती हुने ठाउँका रूपमा प्रख्यात छ । स्वाद र पोषणका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण मानिने यो धान जुम्लाको मौलिक सम्पत्ति नै हो । तथ्याङ्कअनुसार जिल्लाको कुल दुई हजार ८८८ हेक्टर धानखेती हुने क्षेत्रफलमध्ये करिब ३७ प्रतिशत अर्थात् एक हजार ६८ हेक्टरमा रैथाने मार्सी लगाइन्छ । बाँकी एक हजार ८२० हेक्टरमा भने उन्नत जातका धानको खेती गरिन्छ ।

**मार्सीको आफ्नै मौसमी पात्रो**

जुम्लामा मार्सी खेतीको आफ्नै छुट्टै र रोचक मौसमी पात्रो छ । परम्पराअनुसार हरेक वर्ष चैत १२ गते धानको बीउ पानीमा भिजाइन्छ । चार दिनपछि अर्थात् चैत १६ गते पानीबाट निकालेर न्यानो ठाउँमा अङ्कुरण गराएपछि चैत २० वा २१ गतेतिर ब्याडमा छरिन्छ । जेठमा मुख्य रोपाइँ भएपछि उचाइ र मौसमअनुसार असोजदेखि कात्तिक महिनाभित्र धान पाकेर भित्र्याउन तयार हुन्छ । त्यसैले, दसैँ-तिहारजस्ता प्रमुख चाडपर्वको समयमा जुम्ली किसानहरू मार्सी काट्न र थन्क्याउन निकै व्यस्त हुन्छन् । पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको खेतीको यो ज्ञान र परम्परा स्थानीय किसानका लागि जीविकोपार्जनको दरिलो आधार बनेको छ ।

**आम्दानीको मुख्य स्रोत**

पछिल्लो समय मार्सी धान जुम्ली किसानको आम्दानीको प्रमुख स्रोत बनेको छ। आर्थिक वर्ष २०८०/८१ मा मात्रै जुम्लामा करिब तीन हजार मेट्रिक टन मार्सी उत्पादन भएको थियो । यसको विशिष्ट स्वाद र पोषणसम्बन्धी विशेषताका कारण अहिले स्थानीय बजारमा मात्र नभई बाह्य बजारमा समेत यसको राम्रो पहिचान स्थापित भएको छ । २०८२ कात्तिकदेखि फागुन मसान्तसम्म करिब १७५ मेट्रिक टन मार्सी चामल बिक्रीका लागि जिल्लाबाहिर पठाइएको र त्यसबाट करिब तीन करोड ५० लाख रुपैयाँ बराबरको कारोबार भएको अनुमान छ । बजार, गुणस्तर र प्याकेजिङअनुसार मूल्य तलमाथि भए पनि सामान्यतया जुम्लामा प्रतिकिलो १८० रुपैयाँ र काठमाडौँमा २५० रुपैयाँसम्ममा मार्सी चामल बिक्री हुने गरेको छ ।

**संरक्षणमा प्रविधिको साथ**

मार्सीको बढ्दो मागसँगै यसको संरक्षण र प्रवर्द्धनमा विभिन्न सैसंस्थाहरूले पनि हातेमालो गरिरहेका छन् । संयुक्त राष्ट्रसैीय विकास कार्यक्रम (UNDP) को कृषि-खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा (RERAS) परियोजनाले स्थानीय तथा जलवायु-अनुकूल कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै मार्सीलगायतका रैथाने बालीलाई प्राथमिकतामा राखेको छ । यस परियोजनाले सिँचाइ र कृषि उपकरणमा विद्युत्‌को उपयोग बढाउनुका साथै बाली भित्र्याइसकेपछिको प्रशोधन, भण्डारण, प्याकेजिङ र बजार पहुँच विस्तारमा सघाइरहेको छ । परम्परागत ज्ञानलाई उपयुक्त प्रविधिसँग जोड्ने यी प्रयासले किसानको श्रमभार घटाउन, उत्पादनको गुणस्तर कायम राख्न र सजिलै बजारसम्म पुऱ्याउन ठूलो मद्दत पुगेको छ । परियोजनाको सहयोगले कृषकहरूमा उत्साह थपेको छ । चन्दननाथ नगरपालिका-८, स्यालबाडास्थित रैथाने बाली, फलफूल तथा तरकारी कृषक समूहकी माया राना भन्छिन्, 'रैथाने बालीको खेती क्रमश: घट्दै गइरहेको अवस्थामा रेरास ( RERAS) परियोजनाले हामीलाई स्थानीय तथा रैथाने बालीको प्रवर्द्धन गर्न र यसको खेती हुने क्षेत्र विस्तार गर्न सहयोग गरेको छ । उत्पादन बढेपछि अहिले हामी सहकारीमार्फत आफ्ना कृषि उपज बिक्री गर्न सक्षम भएका छौँ, जसले हाम्रो आम्दानी पनि बढाएको छ । आफ्ना रैथाने बालीको संरक्षणसँगै जीविकोपार्जनमा पनि सुधार ल्याउन सकेकोमा मलाई धेरै खुसी लागेको छ ।'*-रातोपाटी डटकम*

## जाजरकोटका स्थानीयले जडिबुटीबाट भित्र्याए २९ करोडभन्दा बढी



जाजरकोटका स्थानीय बासिन्दाले जडिबुटी संकलनबाट एक वर्षमै २९ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेका छन् । जिल्लाबाट ३७ प्रजातिका जडिबुटी निकासी हुँदा ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा रहेको जडिबुटीले स्थानीयको जीविकोपार्जन र रोजगारीमा योगदान पुर्याएको छ । जिल्ला समन्वय समिति जाजरकोटले असोज १२ र १३ गते आयोजना गरेको सरकारी तथा गैरसरकारी कार्यालयहरूको वार्षिक प्रगति समीक्षा गोष्ठीमा डिभिजन वन कार्यालयले प्रस्तुत गरेको विवरणअनुसार आर्थिक वर्ष २०८२-८३ मा जडिबुटी संकलनबाट स्थानीय समुदायले २९ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेका हुन् । डिभिजन वन अधिकृत दीपेश केसीले गोष्ठीमा वन अतिक्रमण नियन्त्रण, वन डढेलो व्यवस्थापन, बिरुवा उत्पादन, वृक्षारोपण, वन्यजन्तु अपराध नियन्त्रण, जडिबुटी निकासी तथा राजस्व संकलनलगायतका क्षेत्रको प्रगति विवरण प्रस्तुत गरेका थिए । उनका अनुसार कार्यालयले उक्त आर्थिक वर्षमा ८२-३४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । जाजरकोटबाट गत आर्थिक वर्षमा टिमुर, रिठ्ठा, पदमचाल, पाषाणवेद, रातो च्याउ, झ्याउ, विषफेज र धुपीको पातलगायत ३७ प्रजातिका जडिबुटी निकासी भएका छन् । निजी आवादी, सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट गरी १ लाख ९८ हजार ७५९ किलो टिमुर निकासी भएको छ । निजी आवादीबाट १ लाख ३ हजार ५५५ किलो, सामुदायिक वनबाट ५३ हजार १७ किलो र सरकारी वन क्षेत्रबाट ४२ हजार ६८७ किलो टिमुर संकलन भएको हो । संकलनस्थलमै प्रतिकिलो ५५० देखि ६५० रुपैयाँसम्म बिक्री हुने टिमुरको औसत मूल्य ६०० रुपैयाँ मान्दा स्थानीयले यसबाट मात्रै करिब १२ करोड रुपैयाँ आम्दानी गरेका छन् । त्यस्तै झ्याउ संकलनबाट तीन करोड रुपैयाँभन्दा बढी आम्दानी भएको डिभिजन वन कार्यालयले जनाएको छ । जाजरकोटको कुल भूभागको ६०.१८ प्रतिशत वन क्षेत्रले ओगटेको छ । वन, वन्यजन्तु, जडिबुटी तथा जैविक विविधताले धनी जिल्लामा जडिबुटी संकलन स्थानीयको आम्दानीको महत्वपूर्ण स्रोत बन्दै गएको छ । जडिबुटी संकलनले स्थानीय समुदायको आयआर्जन, रोजगारी, जीविकोपार्जन तथा सामुदायिक विकासमा योगदान पुर्याएको डिभिजन वन अधिकृत केसीले बताए । उनका अनुसार जडिबुटीको व्यवस्थित संकलन र उत्पादन विस्तार गर्न सके ग्रामीण अर्थतन्त्रमा यसको योगदान थप बढाउन सकिन्छ । डिभिजन वन कार्यालयका अनुसार आर्थिक वर्ष २०८२-८३ मा १ करोड ३ लाख ५८ हजार ३५४ रुपैयाँ राजस्व संकलन भएको छ । त्यस्तै ६८ लाख १६ हजार १६५ रुपैयाँ मूल्य अभिवृद्धि कर र सामुदायिक वनबाट २ करोड ६५ लाख ७० हजार ९३४ रुपैयाँ आम्दानी भएको विवरणमा उल्लेख छ । जडिबुटीबाट करोडौँ आम्दानी भइरहे पनि वन संरक्षण र व्यवस्थापनमा विभिन्न चुनौती देखिएका छन् । वन डढेलो, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व तथा अवैध वन पैदावारको चोरी निकासीलाई कार्यालयले प्रमुख चुनौतीका रूपमा औँल्याएको छ । कार्यालयको अभिलेखअनुसार जिल्लामा १ हजार २२५ दशमलव ४५ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । गत आर्थिक वर्षमा वन तथा वन्यजन्तु अपराधसम्बन्धी पाँचवटा मुद्दा अभियोजन भई फछ्र्योट भएका छन् । सोही अवधिमा ३८ वटा सामुदायिक वनमा ५५ पटक डढेलो लागेको थियो । सुरक्षा निकाय, वन उपभोक्ता, स्थानीय तह र समुदायको सहभागितामा डढेलो नियन्त्रण गरिएको कार्यालयले जनाएको छ । जिल्लामा बाँदर, भालु, जंगली बँदेल र चितुवाबाट बालीनाली, पशुधन तथा मानवीय क्षति हुने गरेको छ । वन्यजन्तुबाट पीडितलाई गत आर्थिक वर्षमा तीन लाख ६० हजार रुपैयाँ राहत वितरण गरिएको केसीले जानकारी दिए । जडिबुटी उत्पादन तथा वन क्षेत्र विस्तारका लागि डिभिजन वन कार्यालयले वृक्षारोपण कार्यक्रमलाई समेत अघि बढाएको छ । जडिबुटी विकास कार्यक्रमअन्तर्गत निजी आवादी, सामुदायिक वन, कबुलियती वन तथा सार्वजनिक जग्गाको करिब ४० हेक्टर क्षेत्रमा टिमुर, रिठ्ठा, सिसौ, खयर, बोधिचित्त, तेजपात, ओखर, चिउरी र बोझोलगायतका करिब ५५ हजार बिरुवा रोपिएको छ । सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह तथा निजी जग्गाधनीमार्फत बिरुवा रोपिएको कार्यालयले जनाएको छ । त्यस्तै, डिभिजन वन कार्यालय परिसरमा रहेको बहुवर्षीय नर्सरीमा करिब ५० हजार एकवर्षीय तथा बहुवर्षीय बिरुवा उत्पादन गरिएको र त्यसमध्ये करिब ११ हजार बिरुवा वितरण गरिएको छ । जडिबुटीको व्यावसायिक उत्पादन, दिगो संकलन र वन संरक्षणलाई सँगसँगै अघि बढाउन सके जाजरकोटको प्राकृतिक स्रोत स्थानीयको आयआर्जन र समृद्धिको थप आधार बन्न सक्ने देखिन्छ ।

*-डिसी नेपाल डटकम*

# आज विश्व पशु दिवस मनाइँदै




**पाल्पा,** असोज १७/ पशुपक्षीप्रति माया, संरक्षण र सम्मानको भावना विकास गर्ने उद्देश्यले आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी विश्व पशु दिवस मनाइँदैछ । हरेक वर्ष अक्टोबर ४ तारिखमा मनाइने यस दिवसका अवसरमा पशु अधिकार, पशु कल्याण तथा संरक्षणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिन्छ ।

हरेक वर्ष अक्टोबर ४ तारिखमा विश्व पशु दिवस मनाउने गरिन्छ । सन् १९२५ अर्थात् लगभग ९३ बर्सअघि जर्मनको बर्लिनमा जर्मन लेखक हेनरिच जिमरम्यानले विश्वमै प्रथम जनावर दिवस मनाएका हुन् । सन् १९२९ बाट औपचारिक रूपमै अक्टोबर ४ मा यस दिवस मनाउन थालियो, यस दिनमा इटालियन सन्त फ्रँन्सिस अफ एसिसी को जन्मदिन पनि पर्न गएको हो, यी सन्तलाई ११ औं शताब्दीबाट अहिलेसम्म पर्यावरण र जनावर मैत्री समाजका प्रवर्तक र प्रचारक का रूपमा चिनिन्छ । पशुका अधिकार र तिनीहरुप्रति गरिने मानवीय व्यवहारका बारेमा विवेचना गरिनु यस दिवसको मुख्य उद्देश्य रहेको छ । पशुपंक्षी सबैका लागि चासोका विषय हुन् जो हेर्न र देख्न पाउँदा बेग्लै अनुभव हुन्छ । जंगलमा पाइने र घरपालुवा जीवजन्तुहरु हाम्रा लागि विशिष्ट र अति महत्वपूर्ण हुन् । चाडपर्वका बेला होस् वा अन्य समयमा पशुपंक्षीहरुको आफ्नै महत्व रहेको हुन्छ । यिनीहरुको महत्व आफैमा विशिष्ट छ । कुकुर तिहार, गाई तिहार, गोरु तिहार लगायतका चाडहरुले त जनावरको विश्वमा उपस्थितीलाई नै पूर्नव्याख्या र पूर्नपरिभाषित गरिदिएको छ । हामी मध्ये हरेक मानिसले जनावरहरुको संसारलाई केही हदसम्म खुकुलो पार्न सक्दछौं । केही जनावर खतरनाक हुन्छन् त केही मैत्री हुन्छन्, जे होस् पृथ्वीमा बस्ने अधिकार सबैलाई समान छ । जनावरलाई खाना, वस्तु, उत्पादन या दासका रुपमा मात्र नहेरिकन असल मित्र र समान प्राणीका रुपमा बुझ्न जरुरी छ । पशु चिकित्सक तथा अधिकारकर्मीहरूले पशुपक्षीप्रति हुने क्रूर व्यवहार अन्त्य गर्दै उनीहरूको स्वास्थ्य र कल्याणमा ध्यान दिनुपर्नेमा जोड दिएका छन् । घरपालुवा जनावर पाल्ने व्यक्तिले नियमित स्वास्थ्य परीक्षण, उचित खानपान र सुरक्षित वातावरणको व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ छ । विश्व पशु दिवसले मानिस र पशुपक्षीबीचको सम्बन्धलाई अझ जिम्मेवार र मानवीय बनाउन तथा जैविक विविधता र वातावरण संरक्षणमा पशुपक्षीको भूमिकाबारे जनचेतना फैलाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

## खेलकुद समाचार

### पाकिस्तानलाई हराउँदै भारतले जित्यो स्वर्ण पदक



**काठमाडौं,** असोज १७/जापानमा चलिरहेको २०औँ संस्करणको एशियाली खेलकुदअन्तर्गत पुरुष क्रिकेटको स्वर्ण पदक भारतले जितेको छ । निशिनमा रहेको करोगी स्पोर्ट्स पार्कमा शनिबार भएको फाइनलमा भारतले पाकिस्तानलाई १९ रनले हरायो । भारतले दिएको २१२ रनको लक्ष्य पछ्याएको पाकिस्तानले २० ओभरमा ६ विकेट गुमाएर १९२ रन बनायो । पाकिस्तानका हसन नवाजले ९६ रन बनाए । भारतका अक्षर पटेल, वाशिङ्गटन सुन्दर र शिवम दुवेले २/२ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर २११ रन बनायो । भारतका अभिषेक शर्माले ६१, तिलक वर्माले ५१ रन बनाए । पाकिस्तानका अहमद दानियाल र अराफत मिन्हासले २/२ विकेट लिए । भारतले एशियाली खेलकुदको पुरुष क्रिकेटमा लगातार स्वर्ण पदक जितेको हो । योसँगै पाकिस्तानले रजत पदक जितेको छ । यस्तै शनिबार बिहान भएको पुरुष क्रिकेटको कांस्य पदक प्रतिस्पर्धामा श्रीलङ्काले बङ्गलादेशलाई हराएको छ । श्रीलङ्काले बङ्गलादेशलाई ६३ रनले हरायो । एशियाली खेलकुद पुरुष क्रिकेटमा नेपाल क्वाटरफाइनलमा पुगे पनि श्रीलङ्कासँगको खेल वर्षाका कारण हुन नसकेपछि बाहिरिएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### ग्लोबल बैंकको १० प्रतिशत लाभांश पारित




**पाल्पा,** असोज १७/ ग्लोबल आइएमई बैंक लिमिटेडको १० प्रतिशत लाभांश पारित भएको छ । बैंकको २०औं वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई चुक्ता पुँजीको कुल १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भएको हो ।

जसमध्ये ४ प्रतिशत बोनस शेयर र कर प्रयोजनसहित ६ प्रतिशत नगद लाभांश रहेको छ । सञ्चालक समितिका तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण सभाले पारित गरेको छ । समीक्षा अवधिमा बैंकले ६ अर्ब ४ करोड रुपैयाँ खुद नाफा आर्जन गर्न सफल भएको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५ दशमलव ९० प्रतिशतले बढी हो । यसैगरी, बैंकको सञ्चालन मुनाफा ९ अर्ब ६० करोड रुपैयाँ रहेको छ । स्वीकृत बोनस शेयर वितरणसँगै बैंकको चुक्ता पुँजी ३९ अर्ब ६८ करोड ६० लाख रुपैयाँ पुगेको छ । सभालाई सम्बोधन गर्दै अध्यक्ष ढकालले शेयरधनी महानुभावहरुको अटूट विश्वास र निरन्तर साथप्रति हार्दिक आभार व्यक्त गरे । उनले ग्राहकवर्ग, शेयरधनी, नियामक निकाय तथा सम्पूर्ण शुभेच्छुकहरुको साथ र सहयोगकै कारण बैंकले गौरवमय दुई दशकको यात्रा सफलतापूर्वक पूरा गर्न सकेको बताए । नेपाल सरकार र नेपाल राष्ट्र बैंकका नीति तथा निर्देशनको पूर्ण पालना गर्दै बैंकलाई थप सुरक्षित, भरपर्दो र सन्तुलित रूपमा विस्तार गर्दै लैजाने प्रतिबद्धता उनले दोहोऱ्याए ।

साथै, ग्राहकहरुलाई अझ सहज र अत्याधुनिक सेवा प्रवाह गर्न डिजिटल बैंकिङ प्रणालीमा थप लगानी विस्तार गरिने जानकारी पनि उनले दिए । सभाले बैंकको प्रबन्धपत्र तथा नियमावली आवश्यकता अनुसार संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने र आगामी आर्थिक वर्षका लागि लेखा परीक्षक नियुक्त गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

## आजदेखि काँग्रेसको महाधिवेशन...

...यसले कांग्रेसलाई संस्थागत र सुदृढ बनाउन गर्न उनको विश्वास छ । उनले उम्मेदवारी मनोनयन दर्ता हुनुअघि महाधिवेशनको सर्वोच्च निकायले विधान संशोधन प्रस्तावमा छलफल गरी निर्णय गर्ने बताए । विधान संशोधन समितिले तयार पारेको र केन्द्रीय समितिले छलफल गरी ल्याएको प्रस्तावअनुसार पदहरू थप्ने, घटाउने वा परिमार्जन गर्ने अन्तिम अधिकार महाधिवेशन हलको रहने उनको भनाइ छ । उनका अनुसार असोज १९ गते सोमबार अपराह्न २ बजेदेखि ६ बजेसम्म मनोनयन दर्ता हुनेछ ।

आइतबारको उद्घाटन सत्रपछि सुरु हुने बन्द सत्रमा कांग्रेसको आगामी नीति, कार्यक्रम तथा समसामयिक प्रतिवेदनहरू पेस गरिने र सभापतिले आगामी ५ वर्षको लागि राजनीतिक, आर्थिक, उत्पादन, रोजगार तथा विदेश नीतिसम्बन्धी दृष्टिकोण समेटिएको कार्यपत्र पेस गर्नेछन् । प्रतिवेदनमाथि भूगोलका आधारमा समूह बनाएर तीनवटा हलमा छलफल गरिनेछ । प्रत्येक हलमा डिजिटल बोर्डको व्यवस्था गरिने भएकाले सहभागीहरूले प्रस्तुत प्रतिवेदन हेर्न तथा सुन्न सक्ने कांग्रेसले जनाएको छ ।

## खसीबोका पालनमा गुल्मीका...

...यहाँ उत्पादित केही उन्नत जातका बोका प्रजननका लागि समेत अन्य जिल्लामा पठाइने गरेको छ । जिल्लामा खासगरी जमुनापारी खरीक्रस, बोयर खरीक्रस र सिरोही खरीक्रस जातका बाख्रापालन हुँदै आएको केन्द्रले जनाएको छ । वार्षिक करिब ६०० को संख्यामा प्रजनन्का लागि बोका जिल्ला बाहिर बिक्री हुने गरेको छ । त्यस्तै वार्षिक १४ हजार खसीबोका मासुका लागि जिल्ला बाहिर बिक्रीका लागि पठाइने गरिएको छ । पछिल्लो आर्थिक वर्षमा स्थानीय तह तथा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका ४२१ वटा बाख्रा फार्ममा करिब दुई लाख बाख्रा रहेको विज्ञ केन्द्रले जनाएको छ । पशु सेवा विज्ञ केन्द्रले बाख्रापालन गर्ने किसान तथा समूहलाई खोर निर्माण, उन्नत जातका बीउ बोका, औषधि उपचार, खोप, मेसिनरी सामग्री खरिदलगायत प्राविधिक क्षेत्रमा सहयोग गर्दै आएको प्रमुख पाण्डेयले बताए । कार्यालयले किसानका फार्ममै पुगेर बाख्रामा लाग्ने विभिन्न रोगविरुद्ध नि:शुल्क खोप कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । त्यसबाट बाख्रामा लाग्ने महामारीजन्य रोग नियन्त्रण तथा क्षति न्यूनीकरणमा सहयोग पुगेको कार्यालयले जनाएको छ । खसीबोका पालनबाट राम्रो आम्दानी हुँदै आए पनि युवकको विदेश पलायन र बसाइँसराइलगायत कारणले पछिल्लो समय व्यावसायिक किसानको संख्या भने तुलनात्मक रूपमा घट्दै गएको अनुमान गरिएको छ ।

खसीबाख्राका लागि आवश्यक खुराक घाँस तथा व्यवस्थापन गर्ने जनशक्तिको अभावजस्ता समस्या बाख्रापालन व्यवसायमा रहेको रेसुङ्गा कृषि तथा पशुपन्छी फार्मका सञ्चालक केशर रजालीले बताउँछन् ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की रुपन्देही जिल्ला सैनामैना नगरपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5750716 W का HAV घनश्याम थापा (ना.प्र.मा घनश्याम थापा घर्ती) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लिला कुमारी थापा र जन्म मिति सन् १९६७ डिसेम्वर १२ (वि.स.२०२४/०८/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा लिला कुमारी थापा घर्ती, जन्म मिति वि.स. २०२३/०७/१५ (सन् १९६६ अक्टुवर ३१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई